**प्रदेश प्रमुख**

# नेपाल सरकार

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

नयाँ वर्ष २०८१ साल शुभारम्भको सुखद् अवसरमा बागमती प्रदेशबासी साथै स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई एवं दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। एउटा साल सकिएर अर्को सुरुवात हुनुमात्र नयाँ वर्ष होइन। नयाँ वर्षको आगमनसँगै हाम्रा भित्तामा झुन्डिएको भित्तेपात्रो फरिनु मात्र पनि नयाँ साल आएको रुपमा बुझ्न सकिन्न। नवीन अवसर र सम्भावनाहरु पहिचान गर्दै हामीभित्र रहेका निराशालाई चिर्ने सुखद् दिनका रुपमा नयाँ सालको स्वागत गर्न सक्नुपर्छ।

स्वदेशमै रोजगारीको वातावरण सिर्जना गरी विदेशिने बाध्यताको अत्य गर्न, नागरिकको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा,स्वास्थ्य,कृषि र वातावरण संरक्षणजस्ता विषयलाई उच्च प्राथमिकतामा राख्ने नीति निर्माण गर्दै तीनै तहका सरकार योजनाबद्ध रुपमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्ने दिन, यो नयाँ वर्ष बन्न सकोस्। नयाँ वर्षसँगै अझ संविधानको पूर्ण कार्यान्वयन,राजनीतिक स्थायित्व, दिगो शान्ति तथा सुदृढ राष्ट्रिय एकता र समृद्धि हासिल गने दिशामा सम्बन्धित पक्षहरुलाई सफलता मिलोस्।

गएको सालको बिदाई र नयाँ साललाई स्वागत गरिरहँदा विगतको अनुभव र सिकाईलाई हामीले सदैव आत्मसात् गर्नुपर्दछ। देशका सबै पक्षबीच आपसी मेलमिलाप, सद्भाव एवम् सहिष्णुतापूर्वक अघि बढेमा पक्कै पनि 'एकतामा नै बल हुन्छ' भन्ने भाव पुष्टि हुनेछ। नयाँ जोश-जाँगरसहित देश निर्माणको महाअभियानमा एकाकार हुन हामी सबैलाई आजैको दिनले अभिप्रेरित गरोस् भन्दै सबैमा नव वर्ष २०८१ को पुनः एक पटक शुभकामना व्यक्त गर्दछु।

**२०८१ साल वैशाख १ गते, शनिबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**